श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

श्री ५ को सरकारले मिति २०३६।६।५ को निर्णयानुसार नेपाल प्रशासन सेवाका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम १.१ (६) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरेको छ।

क्र.सं.	नाम र थर	पद र कार्यालय
१.	श्री शीलबहादुर बज्राचार्य	प्रमुख भन्सार अधिकृत, (राजपत्राँकित द्वितीय श्रेणी), त्रिभुवन विमानस्थल भन्सार कार्यालय।
२.	श्री नगेन्द्रराज शर्मा	भन्सार अधिकृत (राजपत्राँकित तृतीय श्रेणी), त्रिभुवन विमानस्थल भन्सार कार्यालय।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

श्री ५ को सरकारले मिति २०३५।८।१९ को निर्णयानुसार १ वर्षको परीक्षण-कालमा रहने गरी श्री नारायणप्रसाद भट्टराईलाई नेपाल प्रशासन सेवाअन्तर्गत लेखा समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत पदमा पदस्थापन गरेको छ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

३६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।